म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १४५ आइतबार, १८ पुस २०७८ औंशी ने. सं. ११४२ थिंलागा 2 January, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मुक्तक मञ्चमा बर्तौला

हेटौंडा/मकवानपुरमा मुक्तक मञ्च मकवानपुर गठन गरिएको छ । मकवानपुरका मुक्तककार डीबी बर्तौलाको अध्यक्षतामा १५ सदस्यीय मञ्च गठन गरिएको हो ।

मञ्चको उपाध्यक्षमा किसन पौडेल, सचिवमा गोकर्ण लामा, कोषाध्यक्षमा मेनु तिमिल्सिना, सह-सचिवमा राजकुमार घिमिरे र अमृता लामिछाने चयन भएका छन् । सदस्यमा अर्चना दाहाल, भवानी तिमिल्सिना, सागर तिमिल्सिना, स्वस्तिका दाहाल, स्वास्तिका बानियाँ, सुवास सजल, अनिल कोइराला, अनु रोक्का र देवेन्द्र सञ्जेल चयन भएका हुन् ।

मुक्त मञ्च गठन गर्न आयोजित कार्यक्रममा २० जना भन्दा बढीले मुक्तककारले मुक्तक वाचन गरेका थिए भने हरिकृष्ण काफ्लेले आधा दर्जन मुक्तक सुनाएका थिए । कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका अध्यक्ष निमेष निखिल, गजल मञ्च मकवानपुरका अध्यक्ष देवराज तिवारी, झरना साहित्यिक परिवार मकवानपुरका उपाध्यक्षविश्वनाथ सञ्जेलको पनि आतिथ्यता रहेको थियो ।

### बस्तीपुर जेसीजमा विधिको शासन रहेन

# 'मानवीयता गुमाएर' नयाँ नेतृत्व घोषणा

साझाकुरा संवाददाता

हेटौंडा/व्यक्ति होइन, विधिको शासनमा निहित रहेर सेवाको भावना अनुरुप अघि बढ्ने जेसीजको मूल धारणालाई बिर्सिंदै बस्तीपुर जेसीजमा अमानवीय क्रियाकलाप अघि बढेको छ ।

मानवताको सेवा, भ्रातृत्व र बन्धुत्वको भावना विकास गर्ने पवित्र उद्देश्यले स्थापना गरिएको बस्तीपुर जेसीज हाँडीखोलाले शनिबार मानवीय संवेदनामाथि प्रहार गर्दै नयाँ नेतृत्व चयन गरेसँगै विधिको शासन कुल्चिएको हो ।

विधान अनुसार शनिबार जेसीजमा नयाँ नेतृत्व चयनका लागि ककस र मतदानको प्रक्रिया हुँदै थियो । नेतृत्वका लागि गणेश अधिकारी र तेजप्रसाद उप्रेती (रमेश) मैदानमा थिए । तर, शुक्रबार राति अधिकारीको सहोदर कान्छो भाइ सवारी दुर्घटनामा परी गम्भिर घाइते भएसँगै उपचारको क्रममा उनी हेटौंडाभन्दा बाहिर थिए ।

अधिकारी ककसमा उपस्थित हुन नसक्ने भएपछि सोही मौका छोप्दै शनिबार उप्रेती समूहले निर्वाचन स्थलमा नाराबाजी र हुलदंगा गरेर निर्वाचन आयुक्त तथा सन् २०२० का अध्यक्ष जयराम सुवेदीलाई धम्काएर आफूलाई अध्यक्षमा जबर्जस्ती चयन गर्न लगाएका छन् ।

'निर्वाचन आयुक्तविरुद्ध नाराबाजी गर्ने काम भयो । संस्थाका पूर्वअध्यक्षहरुले समेत मानवीय संवेदनलाई ख्यालमा राख्दै अर्को सूचना नभएसम्मका लागि निर्वाचन सार्न आग्रह गर्दा समेत वेवास्ता गरियो ।', संस्थाका पूर्वअध्यक्ष पुष्कल न्यौपानेले भने, 'प्रजतान्त्रिक प्रक्रियाबाट नेतृत्व चयन गर्ने जेसीजको विधानलाई नै चुनौती दिएर निर्वाचन आयुक्तमाथि सांघातिक हमला गर्ने चेतावनी दिएर नयाँ नेतृत्व चयन भएको छ । यो मानवीय संवेदनाभन्दा बाहिर गएर गरिएको कार्य हो ।'

पूर्वअध्यक्ष न्यौपानले भने, 'जेसीजमा पद प्राप्तिमात्र ठूलो विषय होइन । हामीले जेसीजको मूल्यमान्यता, मर्म र भाव अनुसार अगाडि बढ्न सकेनौं । यो गलत भयो । हामीले तत्काललाई निर्वाचन स्थगित गरेर अधिकारको भाइको स्वास्थ्य लाभको काम गर्नुपर्थ्यो । तर, मौका यही हो भनेर अबिर जात्रा गर्ने काम भयो । यो गलत भयो ।', उनले भने ।

जबर्जस्ती नेतृत्व चयन गर्न बाध्य पारिएसँगै निवर्तमान अध्यक्ष तथा निर्वाचन आयुक्त सुवेदीले आफ्नो पदबाट राजीनामाको घोषणा गरेका छन् । उनले सामाजिक सञ्जाल फेसबुकमार्फत् आफूआबद्ध रहेको जेसीजको साधारण सदस्यबाट समेत राजीनामाको घोषणाा गरेका हुने । जनता समाजवादी पार्टी निकट मानिएका अध्यक्षमा निर्वाचित उप्रेतीको यस कदम प्रति चौतर्फीरुपमा विरोध भइरहेको छ ।

यस क्रियाकलाप बारे बर्तमान अध्यक्ष राजेश भेटवाल र संस्थापक अध्यक्ष गणेश भेटवालले कुनै आधिकारीक धारणा राखेका छैन । सामाजिक सञ्जालमा समेत यो विषय व्यापक भइरहँदा भेटवालद्वय मौन देखिएको छ । निर्वाचन रोक्ने बारे बर्तमान अध्यक्ष भेटवालले 'द्विविधा युक्त' तर्क राखेको बताइएको छ ।

घटनाक्रमबारे अध्यक्ष घोषणा गरिएका उप्रेतीले साझाकुरालाई प्रतिक्रिया दिँदै आफु विधि/विधान अनुसारनै अध्यक्ष भएको दाबी गरे । उनले आफु व्यस्तताका कारण निर्वाचन मिति पुसको अन्तिम साता धकेल्न अनुरोध गर्दा निर्वाचन आयुक्तले आफ्नो जोडबलमा शनिबारनै निर्वाचन गर्ने अडान कसेको र विधान अनुसार अध्यक्ष र कार्यकारिणी उपाध्यक्षको ककस बाँकी रहँदा मिति परिवर्तन गर्न नमिल्ने हुँदा आफु र आफ्नो समूहले विधि अनुसार अघि बढ्न जोड दिएको बताए । 'यहाँ विधिप्रधान नभइ व्यक्ति प्रधानका साथ अघि बढ्न खोजियो ।' उनले भने, 'म विधिअनुसार प्रक्रियागत अध्यक्ष घोषणा भएको हुँ ।'

**पत्रकार सम्मेलनमार्फत**



**पूर्वअध्यक्षहरुको असहमति**

बस्तिपुर जेसीज हाँडीखोलको वर्ष २०२२ को नेतृत्व चयन प्रति पूर्व अध्यक्षहले असहमति जनाएका छन् ।

सात जना पूर्व अध्यक्षहरुले शनिबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गर्दै तेजप्रसाद उप्रेती (रमेश)लाई अध्यक्ष बनाइएको प्रक्रियाको विरोध गरेका हुन् । पूर्व अध्यक्षहरु दिपेन्द्रकुमार बर्तौला, बसन्तकुमार सिटौला, प्रेमप्रसाद बोलखे, विनोदकुमार बतौला, पुस्कल न्यौपाने, राममणि बर्तौला र सुनिल अधिकारीले संयुक्त रुपमा पत्रकार सम्मेलन गर्दै नेतृत्व चयन प्रक्रिया प्रति असहमति जनाएका हुन् ।

अध्यक्षका अर्का उम्मेदवार गणेश अधिकारीका भाई मोटरसाइकल दुर्घटनामा परी भरतपुर स्थित अस्पतालमा गम्भीर अवस्थामा उपचाररत रहेको अवस्थामा उप्रेतीलाई अध्यक्षमा निर्वाचित गरिएको थियो । निर्वाचन आयुक्तलाई चर्को दबाब दिएर उप्रेतीलाई अध्यक्ष बनाइएको भन्दै पूर्व अध्यक्षहरुले यो घटना मानवीयता विरुद्ध भएको टिप्पणी गरेका छन् । पूर्व अध्यक्ष दिपेन्द्रकुमार बर्तौलाले यो घटनाले मानवीयता नै हराएको पुष्टि भएको बताए ।

पूर्व अध्यक्ष सुनिल अधिकारीले यो कार्य अपराध भएको टिप्पणी गरे । 'हामीले त निर्वाचन प्रक्रिया स्थगित गर्न नै अर्का अध्यक्षले आग्रह गर्नुहुनेछ भन्ने सोचेका थियौं,' उनले भने,'तर उहाँलाई यो अवसरको रुपमा आएको जस्तो लागेको रहेछ । यो कार्य अपराध हो । मानवीयता भन्ने विषय उहाँमा रहेनछ । अब हामीले कसरी त्यो जेसीजलाई सल्लाह सुझाव दिने ।'

९० प्रतिशत भन्दा बढी सदस्यहरुको असहमति हुँदा हुँदै पनि जबरस्ती नेतृत्व चयन गरिएको भन्दै अर्का पूर्व अध्यक्ष बसन्तकुमार सिटौलाले यो प्रवृत्ति गलत भएको बताए । यो नेतृत्व चयन प्रक्रिया र नेतृत्वलाई नै मान्यता नदिन नेपाल जेसीजलाई आग्रह गरिने उनले बताए । आफूलाई दबाब दिएर गरिएको निर्वाचन प्रक्रिया प्रति असन्तुष्टि जनाएका निर्वाचन आयुक्त जयराम सुवेदीले सामाजिक सञ्जालबाट जेसीजको कुनै पनि पदमा नरहने घोषणा नै गरेका छन् । कार्यकारिणि उपाध्यक्षका उम्मेदवार विजय पौडेलको असहमतिमा प्रेम गोंबा र अमृत पाठकलाई कार्यकारिणि उपाध्यक्ष घोषणा गरिएको थियो । यो निर्वाचन प्रक्रियामा नै पूर्व अध्यक्षहरुले विरोध जनाएका हुन् ।

## एक्सपर्ट हेटौंडालाई अन्तर्राष्ट्रिय स्तरको सम्मान

साझाकुरा संवाददाता

हेटौंडा/एक्सपर्ट एजुकेशन एण्ड भिसा सर्भिसेस हेटौंडा अन्तराष्ट्रिय स्तरमा सम्मानित भएको छ ।

अष्ट्रेलियामा रहेका सात विश्वविद्यालय र कलेजबाट ९ वटा अवार्ड प्राप्त गर्दै एक्सपर्ट अन्तराष्ट्रिय स्तरमा सम्मानित भएको हो । बुधबार कलेजले विज्ञप्ति मार्फत सम्मानित भएको जानकारी दिएको हो ।

एक्सपर्ट एजुकेसन हेटौंडाका निर्देशक डिल्लीराम अधिकारीले शनिबार एक विज्ञप्ति जारी गर्दै आफ्नो मेहनतलाई अष्ट्रेलियामा रहेका विश्वविद्यालय र कलेजहरुले समेत उच्च मूल्यांकन गर्दै विभिन्न समयमा अवार्डहरु मार्फत प्रोत्साहन र हौसला प्रदान गर्दै आइरहेको बताए ।

एक्सपर्टले टोरेन्स युनिभर्सिटी प्लाटिनम एजेन्ट-२०२१, टप पर्फमिङ एजेन्ट इन क्वीवान-२०२१, कप्लान विजनेस स्कूल एबोभ एण्ड बियोण्ड अवार्ड-२०२१, कम्युनिटी इन्गेजमेन्ट साउथ एशिया एबोभ एण्ड बियोण्ड अवार्ड-२०२१, आउटस्ट्यान्डिङ पर्फमेन्स (ग्लोबल) इडिथ काउन युनिभर्सिटी (लगातार दुई वर्षदेखि) हाइवेस्ट अचिर्भ २०२१ अवार्ड, अष्ट्रेलियन क्याथलिक युनिभर्सिटी २०२१ प्लाटिनम एजेन्ट अवार्ड, फेडेरेशन युनिभर्सिटी प्लाटिनम लेभल, होम्स इस्टिच्युट टप पर्फनिङ एजेन्ट-२०२१, वेर्स्टन सिड्नी युनिभर्सिटी प्लाटिनम एजेन्ट अवार्ड २०२१ प्राप्त गरेको विज्ञप्तिमा उल्लेख छ ।

यसप्रकारका अवार्डहरुले आफुहरुलाइ निरन्तर हौसला मिल्दै आएको र थप जिम्मेवार बनाएको पनि विज्ञप्तीमा उल्लेख गरिएको छ । सेवालाई अझै प्रभावकारी बनाउन प्रतिवद्धता व्यक्त गर्ने उल्लेख छ ।

## प्रतिष्ठानलाई जिल्ला स्तरीय भलिवलको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरगढी गाउँपालिकामा भएको जिल्ला स्तरीय रनिङ शिल्ड भलिवलको उपाधि थाहा नगरपालिकाको सहिद सुनिता स्मृति प्रतिष्ठानले जितेको छ ।

मक्वानपुरगढी गाउँपालिका -५, स्थित धादिङ खेल मैदानमा शनिबार भएको फाइनलमा आयोजक आमभञ्ज्याङ युवा क्लबलाई पराजित गर्दै प्रतिष्ठानले पहिलो रनिङशिल्ड उचालेको हो । सेमिफाइनलमा आग्रा खेलकुद विकास समितिलाई हराएर फाइनल पुगेको आयोजकलाई प्रतिष्ठानले सोझो सेटमै निरीह बनाएको थियो ।

खेल २५-१७, २५-१६ र २५-१८ को सोझो सेटमै प्रतिष्ठानले जितेको हो । प्रष्तिष्ठानले शुक्रबार भएको सेमिफाइनलमा हेटौंडाको छहारी युवा सेवा समाजलाई सोझो सेटमै निरीह बनाउँदै उपाधि नजिक पुगेको थियो । उपाधि विजेता प्रतिष्ठानले नगद ६६ हजार ६ सय ६६ रुपैंया नगद सहित शिल्ड, मेडल तथा प्रमाणपत्र पायो । उपविजेता बनेको आयोजक आमभञ्ज्याङले ३३ हजार ३ सय ३३ रुपैंया नगद सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गऱ्यो ।

प्रतियोगितामा तेश्रो स्थानका लागि शनिवार बिहान भएको खेलमा आग्रा खेलकुद विकास समितिले जित निकालेको छ । आग्राले नगद १५ हजारनगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र पाउँदा छहारीले चौथो हुँदै ५ हजारमाचित्त बुझायो । प्रतियोगितामा आग्राका सविन कार्की वेष्ट ब्लकर हुँदा प्रतिष्ठानका राजकुमार कर्मचार्य वेष्ट सेटर, आमभन्ज्याङका आषिश घलान वेष्ट स्पाईकर तथा प्रतिष्ठानका राजा राम घलान वेष्ट प्लेयर भए ।

विद्यागत रुपमा उत्कृष्ट भएका खेलाडीहरुले जनही नगद पाँच हजार नगदसहित ट्रफि पाए । प्रतियोगितामा विजेता तथा उपविजेतालाई मकवानपुरगढी गाउँपालिका अध्यक्ष विदुर हुमागाईंले पुरस्कार प्रदान गरेका थिए । प्रतियोगिताको अबसरमा तत्कालीन आमभञ्ज्याङ गाविसमा भलविल खेलको सुरुवात गर्ने शम्भु हुमागाईं, अर्जुन हुमागाईं, इन्द्रप्रसाद सञ्जेल, स्वर्गीय लक्ष्मण सञ्जेललगायतलाई सम्मान प्रदान गरिएको थियो । कार्यक्रममा स्वर्गीय केशवलाल श्रेष्ठ स्मृति पत्रकारिता पुरस्कारबाट धमेन्द्र दहाल पुरस्कृत भएका छन् ।



साझाकुरा

## हाम्रो कुरा

# सुखद् बनोस् २०२२

अँग्रेजी नयाँ वर्ष २०२२ सुरु भइसकेको छ । एक वर्ष पूरा भएर अर्को वर्ष थालनी हुने समयलाई नयाँ वर्ष भन्ने प्रचलन छ । पात्रोको प्रथम दिन तथा वर्ष वा सालको सुरुवातलाई नयाँ वर्ष भनिन्छ । नयाँ वर्ष विश्वमा अलग-अलग तिथिमितिमा फरक-फरक तरिकाले मनाइन्छ । हाम्रो देशमा पनि विभिन्न नयाँ वर्ष मनाइन्छ । तीमध्ये विक्रम सम्बत्को नयाँ वर्षको सुरुवात वैशाख १ गतेदेखि हुन्छ । नयाँ वर्ष फरक प्रकारको उत्साह एवं विश्वासको क्षणका रूपमा मनाइने नेपाली संस्कृति रहिआएको छ ।

वर्षभरि रमाइलो होस् भन्ने कामनाका साथ धुमधामले नयाँ वर्ष मनाइने गरिन्छ । अँग्रेजी नै भए पनि नयाँ वर्षको अवसरमा प्रत्यक्ष भेटघाट, फोन सम्पर्क, एसएमएस, सामाजिक सञ्जालजस्ता माध्यमबाट शुभकामना आदानप्रदान चलिरहेका छन् । बहुजाति र संस्कृति भएको हाम्रो देशमा धेरै नयाँ वर्ष मनाइन्छ । नेवार, थारु, तामाङ, गुरुङ, मगर, शेर्पा, थकाली, मुस्लिम समुदायका मानिसले फरक फरक दिनलाई आफ्नो नयाँ वर्षको प्रारम्भको रुपमा मान्ने गरेका छन् । शक/कलि सम्बत्, विक्रम सम्बत्, नेपाल सम्बत्, इस्वी सम्बत्, तोला लोसार, तमु ल्होसार, सोनाम ल्होसार, ग्याल्पो ल्होसार, सिरिया पर्व, माघी, हिजरी सम्बत्, बुद्ध पूर्णिमा, किरात येले सम्बत् आदि नेपालमा प्रचलित नयाँ वर्षहरु हुन् । पछिल्लो समय नेपालमा पनि सबैखाले चाडपर्व, उत्सव, दिवस तथा समारोहहरु मनाउने क्रम बढेको छ । विभिन्न उत्सव तथा चाडपर्वले हामीमा नयाँ जोस, उमंग जगाउँछ, पुनर्ताजगी गराउँछ ।

प्राप्त शुभकामना तथा शुभआशीषले आफ्नो काममा लगनशील बन्न प्रेरित गर्दछ । सबै पर्व तथा उत्सवमा खुशीयाली, सुखी र समृद्धिको कामना गरिन्छ, जसलाई सकारात्मक मान्नुपर्छ । हरेक चाड, नयाँ वर्ष, उत्सव, दिवस आदिमा सुख तथा समृद्धिको शुभकामना व्यक्त गरिए पनि देशको स्थितिमा भने अपेक्षित सुधार हुन सकेको छैन । तर, पनि हामीले शुभकामना आदान-प्रदान गर्न छाडेका छैनौं, जुन आम नेपालीको सकारात्मक पक्ष हो । दुःखमा पनि खुशी हुन सक्ने नेपालीको मौलिक परम्परालाई विश्वभरका नागरिकले अनुसरण गर्नु आवश्यक छ ।

'सुखी नेपाली, समृद्ध नेपाल'को नारा अघि सारेको दुई तिहाईको वर्तमान सरकारबाट पनि अपेक्षित काम हुन नसकेर निराश भएका नेपाली आफ्ना मौलिकमात्र नभई आयातित चाडपर्व र उत्सवमा उत्तिकै खुशी बनिरहेका छन् । वर्षेनि चाडपर्वमा रमाउने, खुशीयाली बाँड्ने, सक्दो खर्च गर्ने, घुमफिर गर्ने, शुभकामना आदानप्रदान गर्ने प्रचलन बढ्दै गएको छ । हरेक प्रकारको नयाँ वर्षको अवसरमा व्यक्त गरिने शुभकामनाका शब्द उस्तै हुने भए पनि ती कत्तिका सान्दर्भिक र सार्थक बनेका छन् ? सोच्नु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७८ पुस १९ गते सोमबार ३ जनवरी २०२१ । पुस कृष्ण प्रतिपदा । पोहेलाथ्व पारु ११४१ । सूर्योदय ६:५४ र सूर्यास्त ५:२१ मा हुनेछ । तोल ल्होसार ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आफन्तजन भेट | **तुला** | : अध्ययनमा बाधा |
| **वृष** | : भित्रजन भेट | **वृश्चिक** | : धन प्राप्ति |
| **मिथुन** | : प्रेममा सफलता | **धनु** | : शत्रुबाट मुक्त |
| **कर्कट** | : शुभ कार्यको थालनी | **मकर** | : धन नष्ट |
| **सिंह** | : सुख प्राप्ति | **कुम्भ** | : मिष्ठान्न भोजन |
| **कन्या** | : यात्राको योग | **मीन** | : आलश्यता |

# प्रचण्डको झुटो प्रतिवेदन, नक्कली स्वीकारोक्ति



- विमल पोखरेल

माओवादी अध्यक्ष प्रचण्डको 'महाधिवेशन' राजधानीमा सम्पन्न हुँदैछ । वास्तवमा यो माओवादीको संस्थागत नभएर प्रचण्डको एकल 'महाधिवेशन' हो । माओवादी केन्द्रले सम्पूर्ण तयारी राष्ट्रिय सम्मेलनका लागि गरेको थियो । आन्तरिक कार्यक्रम भएको हुनाले कोही कसैलाई पनि अतिथि नबोलाउने निर्णय गरिएको थियो । त्यहाँसम्म कुरा ठीकै थियो । तर, अघिल्लो दिन साँझ मात्रै राष्ट्रिय सम्मेलनलाई एकाएक महाधिवेशनको नाम दिइयो । यस्तो अपरिपक्व र भद्रगोल काम माओवादीमा हुन सक्छ र प्रचण्डले मात्रै गर्न सक्छन् ।

कम्युनिस्ट पार्टीको महाधिवेशन गर्ने तरिका फरक हुन्छ । महाधिवेशनअगाडि नै दस्तावेजहरू छलफलका लागि स्थानीय समितिसम्म पठाइन्छन् । त्यहाँ छलफल हुन्छ । स्थानीय समितिहरूदेखि सुझावहरू केन्द्रीय तहसम्म आउँछन् । कुनै प्रतिनिधिको बेग्लै प्रस्ताव भएमा त्यसले महाधिवेशनमा प्रस्तुत गर्न पनि पाउँछ । यसरी महाधिवेशनले सम्पूर्ण समिति र प्रतिनिधिहरूलाई सैद्धान्तिक र सांगठनिक रूपमा परिचालित गर्दछ । प्रचण्डले महाधिवेशनमा स्थानीय समिति र प्रतिनिधिहरूका धेरै अधिकार माथि नियोजन गरिदिएका छन् । एकैछिनमा ४५ पेजको दस्तावेज पढेर प्रतिनिधिहरूले सही निष्कर्ष निकाल्न सक्दैनन् ।

हाटहुट तरिकाले छलफल गरेर टिपनटापन पारेका कुरालाई मञ्चबाट सुनाइने र पारित गरिने प्रक्रिया अवलम्बन गरिएको छ । महाधिवेशनका धेरै प्रक्रियाहरूलाई खारेज गर्दै प्रचण्डले राष्ट्रिय सम्मेलनलाई एकाएक महाधिवेशन भनिदिए । राष्ट्रिय सम्मेलनका लागि हिँडेका प्रतिनिधिहरू बीच बाटोबाटै महाधिवेशनका प्रतिनिधि बन्न पुगे । सम्पूर्ण आफन्त र नातागोतालाई छोराको बिहे भनेर जन्त जानका लागि बोलाइयो, तर बिहेको दिनमा एकाएक बच्चाको छैटीमा सहभागी गराइयो । प्रचण्डको महाधिवेशन गर्ने तरिका त्यस्तै देखियो । प्रिन्ट गरेका ब्यानरहरू हटाइयो, रातारात फोन गरेर अतिथि बोलाइयो । महाधिवेशन गर्ने कि राष्ट्रिय सम्मेलन गर्ने भन्ने प्रस्ट नभएको पार्टी कति भद्रगोल छ भन्ने कुरा स्पष्ट भएको छ । यस्तो भद्रगोल पार्टीले व्यवस्थित सिद्धान्त र संरचनामा आधारित समाजवादको गफ दिइरहेको छ ।

देशभरका नेता/कार्यकर्ताहरूले त्यसैलाई पत्याइरहेका छन् । माओवादी अध्यक्ष प्रचण्डले पेस गरेको दस्तावेजमा कैयौँ स्वीकारोक्तिहरू पनि छन् र ती स्वीकारोक्तिहरूलाई उनले गल्ती भनेका छन् । यस लेखमा प्रचण्डले औँल्याएका केही गलत राजनीतिक पक्षहरूलाई केलाउने प्रयत्न गरिएको छ । सम्पूर्ण दस्तावेजको समीक्षा गर्नका लागि एउटा लेखमा सम्भव पनि हुँदैन । त्यही सीमिततामा आधारित रहेर लेख तयार पारिएको छ ।

**प्रचण्डको 'गल्ती'ले बनेको संविधान**

संविधान निर्माणमा प्रचण्डको निकै सकारात्मक योगदान छ । दस्तावेजलाई सामान्य रूपमा अध्ययन गर्ने हो भने प्रचण्डले गरेका कैयौँ गल्तीहरूको परिणाम नै संविधानको निर्माण हो भन्नुपर्ने हुन्छ । प्रचण्ड जान खोजेको बाटो अर्कै थियो । उनले त्यो बाटो जान नसकेको हुनाले उनले गल्ती गर्न पुगे र देशमा संविधानको निर्माण हुन सक्यो । अथवा यसो भन्न सकिन्छ कि नयाँ संविधानको निर्माण प्रचण्डका गल्तीहरूको परिणाम हो ।

प्रचण्डले एकपछि अर्को गर्दै गरेका गल्तीहरूको परिणाम नै संविधान निर्माण हो भनेर दस्तावेजमा कैयौँ प्रमाणहरू पेस गरेका छन् । प्रचण्डका गल्तीहरू नै सही, संविधान निर्माण देशको राजनीतिमा निकै सकारात्मक कदम थियो । प्रचण्डले वास्तविकतालाई ढाकछोप गरेर छद्म प्रकारले स्वामित्व लिएका छन् । वास्तवमा प्रचण्डले गल्ती गरेर सही गरेका छन् । उनले गल्ती गरेका कारण नै माओवादी द्वन्द्व समाप्त भएको छ र देशमा संविधान निर्माण भएको छ ।

प्रचण्डले 'सेना समायोजनको सन्दर्भमा जनवादी केन्द्रीयतालाई अतिक्रमण गर्ने कमजोरी देखिएको' बताएका छन् । जनवादी केन्द्रीयतालाई कम्युनिस्ट पार्टीका नेताहरूले कार्यकर्ताको घाँटी रेट्ने औजारको रूपमा प्रयोग गर्ने गर्दछन् । चीनमा पनि यस्तै हुने गर्थ्यो । सांस्कृतिक क्रान्तिको समयमा विभिन्न प्रदेशका नेताहरूले किसानहरूमाथि दबाब थोपरेर अन्न कब्जा गर्ने गर्थे र माथिल्लो तहका नेताको अगाडि साखुल्ले बन्ने र आफ्ना स्वार्थ पूर्ति गर्ने गर्थे । प्रचण्डले केन्द्रमा जुन तरिका अपनाइरहेका छन्, त्यो केन्द्रमा मात्रै सीमित छैन, प्रदेश र स्थानीय तहसम्म माओवादीका नेताहरूले कार्यकर्ताको जनवादी अधिकारमाथि हमला गरिरहेका छन् । माओवादीमा जनवादी केन्द्रीयतालाई गाजरको मुरली बनाइएको छ । गाजरको मुरली बनाउन सकिन्छ, तर बजाउन सकिँदैन । खानका लागि मुरली बनाउनुपर्दैन । शान्ति प्रक्रियामा आउने सन्दर्भको चर्चा गर्दै प्रचण्डले लेखेका छन्, 'अब पार्टी कहाँ र कसरी जाने हो भन्ने स्पष्ट मार्गचित्र नहुँदा आमनेता/कार्यकर्तामा अन्योल बढ्न गयो ।' वास्तवमा प्रचण्डले देशको राजनीतिमा अन्योल सिर्जना गरेरै आफ्ना निहित स्वार्थहरू पूर्ति गर्दै आएका छन् । राजनीतिमा अन्योल सिर्जना गर्नु उनको प्रमुख कार्य हो । देशको राजनीतिमा प्रचण्डले दर्जनौँ अन्योल सिर्जना गरेर फाइदा लिँदै आएका छन् । उनले आगामी दिनमा पनि राजनीतिका निर्णायक मोडहरूमा कैयौँ अन्योलहरू सिर्जना गरेर आफ्ना स्वार्थहरू पूर्ति गर्दै जानेछन् भन्न सकिने धेरै आधारहरू छन् ।

उनले 'हतियार थन्क्याइसकेपछि पनि विद्रोह र संविधान निर्माणलाई सँगसँगै लैजानु विचारधारात्मक राजनीतिक अन्योल सिर्जना भयो' भनेका छन् । वास्तवमा हतियार थन्क्याइसकेपछि होइन, चुनवाङ बैठकपछि नै माओवादी हतियार थन्क्याउने निष्कर्षमा पुगिसकेको थियो । चुनवाङमा एउटा निर्णय गर्ने र ढाँट्नका लागि कार्यकर्तालाई अर्को हल्ला पिटेर माओवादी अगाडि बढिसकेको थियो । चुनवाङ बैठकको निर्णय सही थियो । तर, व्यवहारमा कार्यान्वयन गर्नका लागि जानीबुझीकनै अलमल गरिएको थियो । नेता/कार्यकर्ता र जनतालाई झुक्याउनका लागि नै अलमल गरिएको थियो । तर, प्रचण्डले त्यो कुरा स्वीकार गरेका छैनन् ।

**एउटै वाक्यमा सिंगो दस्तावेज : प्रचण्डको वास्तविक चरित्र**

प्रतिवेदनको २८ औं पेजमा 'मुखले संविधान बनाउने र मनले विद्रोह गर्ने सोच्दा कुरा निकै अवस्तुवादी थियो' भनेर घोषणा गरिएको छ । माओवादीको ४५ पृष्ठ लामो दस्तावेजको मुख्य सार पेज नं. २८ मा राखिएको यही एउटा वाक्य हो । प्रचण्डको यही वाक्यलाई बुझ्ने हो भने समग्र दस्तावेजलाई गम्भीरतापूर्वक लिनुपर्ने आवश्यता देखिँदैन । माओवादीले मुखले नयाँ जनवादी क्रान्ति भनेको थियो र क्रान्तिका नाममा हजारौँ मारिएका थिए ।

मनमा भने शक्ति आर्जन गरेर संसदीय व्यवस्थाको ठूलो पार्टी बन्ने र सरकारमा जाने उद्देश्य थियो । कथित् जनयुद्धका सम्पूर्ण क्रियाकलाप, तिनीहरूका गतिविधि, राजासँग गरिएको अघोषित कार्यगत एकता, दलहरूलाई नोकर बनाएर राजालाई मालिक घोषणा गरिनुले सबै कुरा प्रस्ट थियो । माओवादीका २०५२ देखि हालसम्मका परिणामले पनि त्यही देखाएको छ । संसदीय व्यवस्थामा भएका सबैखाले विकृति र विसंगतिहरू माओवादीमा निकै खतरनाक ढंगले विकास भइरहेका छन् । यो 'मुखले संविधान बनाउने र मनले विद्रोह गर्ने' तरिकाको अवस्तुवादी राजनीतिकै परिणाम थियो ।

दस्तावेजमा 'विद्रोह नभन्ने हो भने कार्यकर्ता भड्किन्छन् कि भन्ने भय नेतृत्व (प्रचण्ड)मा देखियो । विद्रोह र संविधानका कुरा एकैचोटि गर्दा पार्टी विभाजन भयो' भन्ने कुराको स्वीकारोक्तिले के देखिन्छ भने प्रचण्डले सही दृष्टिकोण र विचारका आधारमा कार्यनीति बनाउने गर्दैनन्, कार्यकर्ता भड्किने, पार्टी विभाजन हुने डरले तास खेलमा जस्तो दाउ थाप्ने तरिकाले कार्यनीति बनाउने गर्छन् भन्ने उनकै दस्तावेजले पुष्टि गर्छ । उनको 'कुनै कूटनीतिक तरिकाले पार्टीलाई सही नेतृत्व दिन सम्भव हुँदैन' भन्ने स्वीकारोक्ति झनै गजबको छ । राजनीतिमा दर्शन, सिद्धान्त, विचार, कार्यक्रम र संगठन प्रमुख हो भन्ने कुरा प्रचण्डलाई थाहा नभएको होइन । तर, उनले सम्पूर्ण पार्टीलाई कूटनीतिक तरिकाले सञ्चालन गरिरहेका थिए । कूटनीतिलाई राजनीतिको सहायक अंगको रूपमा लिएको देखिएन, प्रमुखता दिएको देखियो ।

'राष्ट्रिय सम्मेलनले पारित गरेको प्रचण्डपथ प्रचण्डको व्यक्तिगत पुँजीजस्तो गरी स्थगित गरिनु बेठीक भयो । अब प्रचण्डपथ ल्याउनु पश्चगामी सोच हुनेछ र त्यसरी सोच्नु पनि हुँदैन ।' (पृ. २९) वास्तविकता नै के थियो भने प्रचण्डपथ प्रचण्डको व्यक्तिगत पुँजी थियो । द्वन्द्वको समयमा आफूलाई स्थापित गर्नका लागि उनले ल्याएको चालबाजीपूर्ण दस्तावेज थियो । माओवादीले प्रचण्डपथ स्वीकार गरे पनि नगरे पनि व्यवहारमा प्रचण्ड नेतृत्वमा रहुन्जेल प्रचण्डपथ मात्रै लागू हुनेछ । प्रचण्डले जे भन्छन् र जे गर्छन्, त्यही नै वास्तविक प्रचण्डपथ हो । प्रचण्डपथ कुनै व्यवस्थित विचार वा सिद्धान्त होइन, प्रचण्डपथ प्रचण्डको व्यक्तिगत चालबाजी मात्रै हो ।

प्रचण्डले 'एमालेसँगको एकतामा पार्टी सञ्चालन, भागवण्डा आदि काममा उदारवादी कमजोरी भयो' भनेका छन् । उनले कहिलेकाहीं उदारता प्रकट गरेको देखाउने पनि गरेका छन् । जब उनी बाध्यतामा पर्ने गर्छन्, त्यसपछि उदारता प्रकट गर्ने गर्छन् । बाध्यता नहुने बेलासम्म कहिल्यै पनि उदारता प्रकट गरेको देखिएको छैन । दलहरूका बीचमा भएको सहमतिबमोजिम संविधानसभाको चुनावपछि गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपति बनाइनुपर्ने थियो । तर, गिरिजाप्रसाद कोइरालाको ठाउँमा रामराजाप्रसाद सिंहलाई राष्ट्रपतिको उम्मेदवार बनाए । गिरिजाप्रसाद कोइरालाको सन्दर्भ एउटा उदाहरण मात्रै हो ।

लगातार रूपमा प्रचण्डको उदारता बाध्यतामा मात्रै प्रकट हुने गरेको छ । समग्रमा प्रचण्डले जुन कुराहरूलाई स्वीकार गरेका छन्, उनको इतिहासलाई हेर्दा उनले सच्चिनका लागि स्वीकार गरेका होइनन् भन्ने देखिन्छ । यदि सच्चिनका लागि स्वीकार गरेका भए, बिग्रेर, कुहिएर खत्तम भएको माओवादी पार्टीलाई रुपान्तरणको योजना ल्याउने थिए । पार्टीमा भ्रष्टाचार, बेथिति, पदलोलुप प्रवृत्ति बढेको उल्लेख गरेका छन् । तर पार्टीलाई सिध्याउने भ्रष्टाचार, बेथिति र पदलोलुपतालाई रोक्ने कुनै कार्ययोजना अगाडि सारेका छैनन् । अर्बपतिको रूपमा विकास भइरहेको माओवादी नेतृत्वलाई सच्याउने कुनै योजना प्रतिवेदनमा छैन । त्यसैले माओवादी अध्यक्ष प्रचण्डको प्रतिवेदन कैयौँ झुटहरूको पुलिन्दा पनि हो ।

**एकातिर क्रान्ति, अर्कोतिर प्रतिगमन**

दस्तावेजमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भएको घोषणा गरिएको छ । बुर्जुवा वर्गलाई पनि नेतृत्वको हिस्सेदारी दिएर पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भएको भनिएको छ । वास्तविकता के हो भने २०६३ सालमा सम्पन्न जनआन्दोलनमा माओवादीहरूले नेतृत्वको हिस्सेदारी लिएका मात्रै हुन् । उनीहरू सशस्त्र संघर्षमा थिए, शाही नेपाली सेना माओवादीहरूलाई दमन गर्नका लागि उत्रिएको थियो । देशभर माओवादी र शाही सेनाको ज्यादतीले सीमा नाघेको थियो ।

माओवादीहरू शान्तिपूर्ण राजनीतिमा आउने सर्तमा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले पाँच राजनीतिक दलहरूको साथ लिएर राजाको सैनिक शासनविरुद्धमा जुन कदम चाले, त्यो निकै ऐतिहासिक थियो । माओवादीले राजनीतिक दललाई कुनै हिस्सेदारी दिएका होइनन्, बरु राजनीतिक दलको शान्तिपूर्ण जनआन्दोलनले माओवादी सशस्त्र संघर्षको अवतरण गराएको थियो । यो वास्तविकतालाई प्रचण्डले ढाकछोप गर्ने प्रयत्न गरेका छन् ।

प्रचण्डले दस्तावेजमा जुन कमजोरीहरूलाई स्वीकार गरेका छन्, ती गजबका छन् । ढिलै भए पनि कमजोरी स्वीकार गरेका छन् । तर, पूर्वमाले जसरी झापा आन्दोलन कमजोरी भएको स्वीकार गरेर शान्तिपूर्ण राजनीतिमा आएको थियो, त्यसैगरी माओवादीले पनि सशस्त्र संघर्ष गर्ने समय थिएन भनेर कमजोरी स्वीकार गरेर आउनु नै इतिहासप्रति न्याय गरेको हुन्छ । उनले त्यसो गरेका छैनन् । जनयुद्धलाई सही साबित गर्नका लागि हजारौँ प्रयत्न गरेका छन् । इतिहासलाई आफूअनुकूलको व्याख्या गर्ने प्रचण्डको तरिका सही छैन, र पनि त्यही गरिरहेका छन् ।

प्रतिवेदनमा एकातिर पुँजीवादी जनवादी क्रान्ति पनि सम्पन्न भयो भन्ने, अर्कोतिर केपी ओलीले गरेको संसद् विघटनपछि प्रतिगमन पनि भयो भन्ने विरोधाभास पक्षलाई खुबै जोड दिइएको छ । पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भएको भए प्रतिगमनचाहिँ कसरी भयो ? क्रान्ति सम्पन्न भइसकेपछि गरिएको संसद् विघटनलाई अदालतको एउटै आदेशले सच्याउने त्यो प्रतिगमन कस्तो खालको थियो ? यसबारेमा प्रतिवेदनमा प्रचण्डले केही पनि उल्लेख गर्न सकेका छैनन् । संसद् विघटन हुँदाबित्तिकै प्रतिगमन हुने कस्तो खालको पुँजीवादी जनवादी क्रान्ति थियो ? इतिहासमा यो निकै पेचिलो प्रश्न बनेर उभिनेछ । यदि हल्का रूपले लिने हो भने समय त्यसै पनि अगाडि बढिरहेको छ । तर, यसलाई सही ढंगले बुझ्ने हो भने प्रचण्ड परिस्थितिको मूल्यांकन गर्नका लागि नराम्रोसँग चुकेका छन् ।

प्रचण्डले 'कुनै पार्टी, दस्तावेज र निर्देशनको पालना नगरी नेपालको पुँजीवादी जनवादी क्रान्ति आफ्नै रूपमा सम्पन्न भएको' (पृ.३०) औँल्याएका छन् । दस्तावेजमा लेखिएको योभन्दा भद्दा मजाक अरु के हुन सक्छ ? प्रचण्डले प्रतियोगिताको आयोजना नगरी, खेलाडी छनोट नगरी, कुनै खेलाडीले खेल मैदानबाहिर खुट्टाले हानेको हानै गरेपछि दर्जनौँ गोलसहित खेल जित्यो भनेजस्तो विश्लेषण गरेका छन् । यति सतही विश्लेषण गर्ने हदसम्म प्रचण्ड पुग्नु निकै अनौठो पक्ष हो । एउटा ऐतिहासिक भौतिकवाद, मार्क्सवाद र लेनिनवादमा विश्वास राख्ने व्यक्तिले यस्तो विश्लेषण गर्न सक्दैन ।

वास्तविकता के थियो भने २०५९ र २०६१ सालमा राजा ज्ञानेन्द्रको नेतृत्वमा सञ्चालन गरिएको सैनिक शासनका विरुद्धमा करिब तीन वर्षको निरन्तर प्रयासपछि निर्णायक रूप दिनका लागि उन्नाईसदिने जनआन्दोलन नेपाली कांग्रेस, एमाले, जनमोर्चा नेपाल, नेकपा (माले), नेपाल मजदुर किसान पार्टी र नेपाल सद्भावना पार्टीले शान्तिपूर्ण रूपमा आयोजना गरेको कठिन संघर्ष थियो । दिल्लीमा राजनीतिक दल र माओवादीबीच १२ बुँदे समझदारी गरिएपछि माओवादीले राजनीतिक दलको जनआन्दोलनलाई समर्थन गरेको थियो । नेपाली जनताको महान् जनआन्दोलनलाई कुनै पार्टी, दस्तावेज र निर्देशनको पालना नगरी गरिएको आन्दोलन भनिनु निकै गैरजिम्मेवार तरिका हो ।

**गोलमाल कार्यनीति**

दस्तावेजको नाम 'एक्काइसौँ शताब्दीमा समाजवादको नेपाली बाटो' राखिएको छ । हेटौँडा महाधिवेशनमा 'एक्काईसौँ शताब्दीको जनवाद' राखिएको थियो । माओवादीले आफ्ना दस्तावेजहरूलाई चिडियाका गीतजस्तो बनाएको छ । माओवादी अहिले हिँडिरहेको बाटो समाजवादको होइन र यस बाटोबाट समाजवाद आउँदैन भन्ने प्रचण्डले राम्रोसँग बुझेका छन् ।

तर उनले बाध्यतावश, अर्थात्, माथि उल्लेख गरिएको जस्तै कार्यकर्ता भड्किन नदिनका लागि समाजवाद भन्न छोडेका छैनन् । प्रचण्डले कार्यकर्ता भड्किन नदिनका लागि मात्रै समाजवादको कुरा गरेका हुन् भन्ने कुरा छर्लङ्ग छ । कार्यकर्ता भड्किन नदिने उद्देश्यले लेखिएका कुराले वास्तविकतासँग कहीँकतै पनि मेल खाँदैन । त्यसैले प्रचण्डले उनकै शब्दमा 'मुखले एउटा, मनमा अर्को कुरा' भएको दस्तावेज पेस गरेका छन् ।

दस्तावेजमा 'समाजवादउन्मुख मूल कार्यनीतिक अंगका रूपमा ती मुद्दा पूरा गर्न सडक, सदन र सरकारका सबै मोर्चाबाट जोड लगाउनुपर्दछ' भनिएको छ । यति गोलमाल विषयवस्तु प्रचण्डले अचम्मसँग लेख्न र नेता/कार्यकर्तालाई भुलभुलैयामा राख्न सक्छन् । दस्तावेजको सुरुमा 'संविधान निर्माण र विद्रोहको कुरा एकै पटक गर्नु गल्ती भएको' स्वीकार गरेका प्रचण्डले ३३ पेजमा पुगेर यस्तो गोलमाल कार्यनीति अगाडि बढाएका छन् । एकै पटक सडक, सदन र सरकारको मोर्चा निर्माण हुन सक्दैन । सडक र सरकारमा एउटै शक्ति परिचालन हुनै नसक्ने नक्कली कुरा अगाडि सारेका छन् ।

माओवादीको यो कार्यनीति सरकार प्रतिको खतरनाक आशक्ति पनि हो । सरकार प्रतिको निरन्तर आशक्तिले माओवादीलाई कम्युनिस्ट विचार र सिद्धान्तबाट च्यूत हुँदै गएको दलाल, पुँजीपतिवर्गको पार्टीमा रुपान्तरण गरेको छ । प्रचण्डले ३४ पेजमा पुगेर शान्तिपूर्ण प्रतिस्पर्धा र वैधानिक बाटोबाट समाजवादको आधार तयार पार्ने कुरा पनि गरेका छन् । एकै पटक सडक, सदन र सरकारको मोर्चा कुनै वैधानिक बाटो होइन । प्रचण्डले भनेजस्तै सडक, सदन र सरकारको मोर्चा एकै पटक खोल्ने हो भने सम्पूर्ण रूपमा राज्यसत्ता कब्जा हुनेछ । सैद्धान्तिक, राजनीतिक रूपले कहीं कतै मेल नखाने कुरालाई प्रचण्डले लेख्न भ्याएका छन् ।

प्रचण्डले प्रतिवेदनमा निर्वाचन प्रणालीमा सुधारको कुरा चुस्स राखेका छन् । तर, त्यसलाई कहीं कतै व्याख्या गरेका छैनन् । उनले प्रत्यक्ष राष्ट्रपतीय प्रणालीमा पनि जोड दिएको देखिँदैन । गणतन्त्रलाई संस्थागत गर्ने उनको कुरा सही छ । तर, समाजवादी दिशामा जानका लागि उनले जुन बाटो देखाउन खोजेका छन्, त्यो गलत छ । पार्टीको यही विचार, संरचना र तरिकाबाट समाजवादी बाटोमा जान सकिँदैन । अहिले माओवादी नेताहरूका लागि समाजवाद आइसकेको छ ।

यिनीहरूले समाजवादमा पनि योभन्दा धेरै केही प्राप्त गर्न सक्दैनन् । पार्टीको सम्पूर्ण संरचनालाई पुँजीवादीकरण गरेर, दलाल र माफियाबाट पार्टीका संयन्त्रहरू सञ्चालन गरेर, शिक्षा र स्वास्थ्यजस्ता जनताका आधारभूत अधिकारहरूलाई निजीकरण र माफियाकरण गरेर, युवाहरूलाई विदेश लखेटेर, आधारभूत सत्ता र व्यक्तिगत स्वार्थका लागि पटक-पटक विदेशीको अगाडि लम्पसार परेर, जनताका लागि चाहिने समाजवाद माओवादीको नेतृत्वमा कुनै सम्भावना छैन ।

माओवादी पार्टी दलाल पुँजीपति वर्गको पार्टीमा रुपान्तरण भइसकेको छ । उद्योगधन्दा र राष्ट्रिय अर्थतन्त्रको विकास नगरी, हरेक वर्ष लाखौँ युवाहरूलाई देशमै रोजगारी सिर्जना नगरी, उत्पादनमूलक र रोजगारीमूलक शिक्षाको विकास नगरी, कृषिलाई आधुनिकीकरण नगरी देशले गति लिन सक्दैन ।

यी सबै कार्यका विरुद्धमा दलाल पुँजीपति वर्गले आफ्नो स्वार्थका लागि मात्रै काम गर्छ, गरिब जनताका लागि होइन । अहिले देशमा त्यही भइरहेको छ । अहिले जे भइरहेको छ, त्यसभन्दा नयाँ गर्नका लागि माओवादीले कुनै कार्ययोजना ल्याउन सकेको छैन ।

**जातीयतालाई तिलाञ्जलि, रद्दी भइसकेको संघीयताको वकालत**

प्रचण्डले सशस्त्र संघर्षको अन्त्यतिर निकै जोडतोका साथ उठाएको जातीयतालाई आठौं महाधिवेशनबाट तिलाञ्जलि दिएका छन् । यो प्रचण्ड सच्चिएको र निकै सकारात्मक कुरा पनि हो । माओवादीले जातिवादलाई अगाडि बढाउनका लागि एकल जातीय राज्य घोषणा गर्दै हिँडेको थियो । देशलाई सम्पूर्ण रूपमा जातीय संघीयतामा लैजाने खतरा थियो । त्यसले देशमा जातीय द्वन्द्व निम्त्याउन सक्ने खतरा देखिएको थियो । नेपालजस्तो बहुजातीय, बहुधार्मिक राज्यमा एकल जातीय मुद्दा उठाएर जातिहरूका बीचमा वैमनस्यता सिर्जना गर्ने, लडाइँ गराउने, विभाजन गराउने षड्यन्त्र गरिएको थियो ।

माओवादी जातीयता, संघीयता, पहिचान, आत्मनिर्णयको अधिकारजस्ता विदेशीका ऐजेण्डामा नराम्रोसँग फसेको थियो । विदेशीले लादेका एजेण्डाबाट आफूलाई अलग गर्दै लैजानु माओवादी र देशको पनि हितमा भएको छ । जातीयताको गलत सोचाइ कहींकतै रहेको भए पनि नेपाली जनताको सचेत प्रयत्नबाट त्यो असफल भएको छ ।

अब संस्थागत रूपमै माओवादीले जातीयतालाई तिलाञ्जलि दिएको छ । माओवादीले देशको राजनीतिमा अगाडि सारेका जातीयता र संघीयता निकै खतरनाक एजेण्डाहरू थिए । मधेसवादी दलहरूलाई अगाडि सारेर जसरी बालुवाटारबाट संघीयताको घोषणा गरियो, त्यो नेपाली जनताको सार्वभौमसत्ताको अपमान थियो । संविधानमा संघीयतालाई संस्थागत गरिएपछि त्यसको खराब प्रयोग सुरु भएको छ ।

चार वर्षको अवधिमा धेरै प्रदेशहरूमा तीन पटकसम्म सरकारको नेतृत्व परिवर्तन भएका छन् । केही प्रदेशहरूमा चार पटक नेतृत्व परिवर्तन गरेर सरकार बनाउने समझदारी भएको छ । लुम्बिनी र बागमती प्रदेशमा मन्त्रीको संख्या डेढ दर्जन पुर्‍याइएको छ । संघीयता आमजनताका लागि नभएर निश्चित नेताहरूका लागि मात्रै भएको छ ।


त्यसैले यसको खारेजी देशको राजनीतिको आवश्यकता भएको छ । माओवादीले जसरी जातीयता, आत्मनिर्णयको अधिकार, पहिचानजस्ता नाराहरूलाई छोड्दै आयो, ढिलै सही, परिस्थिति विकसित हुँदै जाँदा संघीयताको विरुद्धमा पनि उत्रिने दिन आउनेछन् । संघीयतालाई खारेजीको दिशामा लैजानुपर्छ ।

*- साभार: शिलापत्र*

# बेड नम्बर २९६ : एक दर्दभरी कहानी

काठमाडौं/त्यो दिन कस्तो होला, जब सुरेश साह झिटीगुन्टा च्यापेर आफ्नी श्रीमतीका साथ वीर अस्पतालको मूल ढोकाबाट बाहिरिनेछन् । कलंकी पुगेर रात्रि बस चढ्नेछन् । रातभरको यात्रापछि आफ्नो घर-आँगन टेक्नेछन् ।

महीनौंदेखि विछोडिएका लालाबालालाई स्नेहपूर्वक अँगाल्नेछन् । र, उमंग अनि फूर्तिको भावमा भन्नेछन्, 'देख्यौ, तिमीहरुको आमालाई बचाएँ । उनी निको भइन् । अब आमा बोल्न सक्छिन् । अनि सधैंभरि तिमीहरुसँगै हुनेछिन् ।' त्यस पल उनले भुल्नेछन्, वर्षौं-वर्षदेखि अस्पतालमा बिताएका अनिंदा रातहरु ।



उपचारका लागि सिध्याएको भएभरको घर-बारीहरु । दुनियासँग हारगुहार गर्दै काढेको ऋणहरु । उनलाई खुशीले नाचौं, नाचौं लाग्नेछ । जोड-जोडले गीत गाउन मन लाग्नेछ । तर, यो जुनीमा सुरेश साहलाई यस्तो घमाइलो दिनले पर्खिरहेको छ वा छैन ? किनभने उनको जीवनमा अझै पनि निष्पट अँध्यारो छ । हरेक बिहानी दु:खको सुस्केराले उनको जीवनमा कोलाहल मच्याउन थाल्छ ।

पाँच जना बालबच्चालाई एक बोरा चामल र दुई हजार रुपैयाँ छाडेर सर्लाहीबाट श्रीमतीको उपचारका लागि काठमाडौं आएका थिए, उनी । हप्तौं भइसक्यो, उपचार भएको छैन । घरमा चामल सकियो होला । बालबच्चा के खाँदै होलान् ? सम्झिएर उनको मन चिरिन्छ । यता दिनदिनै रोगले गलाउँदै गएको श्रीमतीलाई देखेर उनी अत्तालिन्छन् । कसरी यो विपत्तिलाई सम्हाल्ने हो ?

औसतभन्दा होचो ज्यान । मधेशी वर्ण । अनपढ । यो शहरले उनी जस्ता मान्छेलाई मान्छे गन्दैन । उनको आवाज सुन्दैन, उनको व्यथा बुझ्दैन । कसरी खर्च जुटाउँदा हुन् ? कसरी रगत र खानेकुरा जोहो गर्दा हुन् ? कसरी औषधिपानी खोज्दा हुन् ?

**दु:खको रामकहानी**

बनीबुतो गरेर जेनतेन गुजारा गर्दै आएका थिए, सुरेश साह । सर्लाहीको गाउँमा सानो झुपडी थियो । दिनभर मेलापात गर्थे । त्यसैबाट जुटाएको पैसाले परिवारको छाक टार्थे । ज्याला मजदूरीको टुंगो नहुने । कहिले कहाँ पुग्नुपर्ने, कहिले कहाँ । काम खोज्दै बिहार पुगे । धूलो-माटोमा काम गरिरहँदा उनको दृष्टि गुम्यो । अपाङ्ग भएर घर फर्किए । संयोगले निशुल्क आँखा शिविरमा पुगे । आँखाको शल्यक्रिया भयो । फेरि उसैगरी ज्याला मजदूरी गर्न थाले । तर, दु:खले कहाँ छाड्छ ?

श्रीमतीको स्वर नै हरायो । राति बाघ घुरे झैं घ्वाँर-घ्वाँर आवाज आउने । न बोल्न मिल्ने, न सास फेर्न । श्रीमतीलाई रोगले च्याप्दै गयो । उनले ऋणपान गरे । बिहारको एक निजी अस्पताल पुर्‍याए । १६ दिनसम्म त्यही भर्ना गरियो । अनेक जाँच गरियो । त्यहाँबाट फर्कंदा उनको झोलाभर औषधि थियो, तर समस्या ज्यूँका त्यूँ । अस्पतालका चिकित्सकले भनेका थिए, 'यस्तो त क्यान्सर हुनसक्छ । नेपालकै क्यान्सर अस्पतालमा लगेर जाँच्नु ।'

उनले श्रीमतीलाई भरतपुर क्यान्सर अस्पताल पुर्‍याए । हप्ता बित्यो । रोग पत्ता लागेन । दुई हप्ता बित्यो । तब भनियो, क्यान्सर लागेको छैन । घरबार छाडेर हिंडेको महीनौं भयो । रोग पत्ता लाग्दैन । उपचारकै खोजीमा उनीहरु एक निजी अस्पताल पुगे । त्यहाँ बल्ल थाहा भयो, त्यो थाइराइडको समस्या हो । अब यसैको उपचार गर्नुपर्ने भयो । तर, त्यहाँ उपचार गर्नै नसकिने ।

अस्पतालको बेडमा भर्ना भएको एक रातकै हजारौं रुपैयाँ लाग्छ भनेपछि सुरेश साहको हातखुट्टा गल्यो । अब के कसो गर्ने हो ? उनले मेलो पाएनन् । कसैले सुझाए, काठमाडौंमा जानु । वीर अस्पतालमा उपचार गराउँदा धेरै खर्च लाग्दैन ।

**अनि घर बेचे**

यसै त गरीब, ऋणपान पत्याइदिने कोही थिएनन् । यसै त एक्लो, साथ-सहयोग गरिदिने कोही थिएनन् । यसै त निर्धो, भनसुन गरिदिने कोही भएनन् । आफूसँग भएको सानो झुपडी बेचे । आफूलाई ओत लाग्न अर्कैको जग्गामा सानो झुपडी बनाए । बालबच्चालाई त्यहीं छाडे अनि काठमाडौं आए ।

रात्रि बसमा चढेर, रातभरको यात्रा गरेर, रोगी श्रीमतीलाई काठमाडौंसम्म ल्याउन कम्ता सास्ती थिएन । काठमाडौं कहिल्यै देखेका थिएनन् । कहाँ जाने, कसलाई सोध्ने टुंगो थिएन । बिहान झिसमिसेमा बसले कलंकी ल्याएर उनीहरुलाई उतारिदियो ।

रनभुल्ल परेर बाटोको छेउमा बसे । वीर अस्पताल जानुपर्ने । कताबाट जाने, कुन गाडी चढ्ने ? थाहा छैन । एउटा माइक्रोबस आयो, रत्नपार्क-रत्नपार्क भन्दै । उनले 'वीर अस्पताल जान्छ' भनेर सोधे । सहचालकले 'जान्छ-जान्छ' भन्दै चढाए । शहरको भीडमा ल्याएर उनीहरुलाई उतारिदियो । खोइ त वीर अस्पताल ? उनले सोधे । सह चालकले जवाफ दिएनन् । माइक्रोबस हुँइकियो । सोध्दै-खोज्दै जाँदा कसैले भन्यो, 'यहाँ नजिकै हो । त्यहाँबाट हिंड्दै गए पुगिन्छ ।'

शिथिल भइसकेकी श्रीमतीलाई डोर्‍याउँदै उनी वीर अस्पतालको सम्मुखमा पुगे । अस्पताल खचाखच थियो । कहाँ गएर भर्ना गर्ने, कसरी गर्ने ? उनले भेउ पाएनन् । रातभरको अनिंदो । आफैं पनि बिरामी झैं भएका थिए । एक छेउमा ओढ्ने-ओछ्याउने राखे । श्रीमती त्यहीं ढल्किइन् । उनलाई सास फेर्न नै गाह्रो भइसकेको थियो । घाँटीबाट घ्याँर-घ्याँर आवाज अरु जोडले आइरहेको थियो । त्यहाँ कसैलाई कसैको सरोकार छैन । कसैले सोधीखोजी गर्दैनन् । देखेर पनि नदेखे झैं गर्छन् मान्छेहरु । दिन ढल्दैछ । अनिंदो, चिसो र दिनभरको धपेडीले श्रीमतीको पीडा अरु बढेको छ ।

अस्पतालसम्म पुर्‍याएपछि कसै न कसैले त साथ सहयोग गर्छ भन्ने लागेको थियो उनलाई । तर, वीर अस्पतालको भीडभाडमा उनी आफूले आफैंलाई नचिन्ने भए । उनको त्यो बिजोग देखेर हुनुपर्छ, एक चिकित्सक नजिक आए र सोधीखोजी गरे । चारतिरको दौडधूपपछि बल्ल उनले आफ्नो बिरामी भर्ना गर्न सके ।

## बेड नम्बर २९६



वीर अस्पताल । ईएनटी वार्डको बेड नम्बर २९६ । कौशिलादेवी साहलाई थाहा छैन, कहिलेसम्म यो शय्यामा रात कटाउनुपर्ने हो । झाडु-कुचो लगाउनेहरुको चर्को आवाजसँगै उनको निद्रा भंग हुन्छ । हत्तपत्त आफू सुतिरहेको 'बेड' छाडिदिनुपर्छ । डाक्टर-नर्स आउँछन् । उनकी रोगी श्रीमतीको जाँच गर्छन् । अनि उही कुरा सोध्छन्, 'रगत पायो ?'

सुरेश साहलाई यसो भनिरहँदा आफू साह्रै निमुखा भएको बोध हुन्छ, 'हिजो पनि पाइएन । खोज्न त दिनभर खोजें ।' डाक्टर भन्छन्, 'अझै पनि अप्रेशन गर्न संभव छैन । किनभने तिम्रो श्रीमतीको शरीरमा रगतको मात्रा एकदमै कम छ । ताकत छैन ।' उनी बिहानै र गत खोज्न निस्कन्छन् । कहिले पाटन, कहिले भक्तपुर । कहाँ जाने, कसलाई भेट्ने, के भनेर माग्ने ? उनले राम्ररी मेलोमेसो पाउँदैनन् । दिनभर कहाँ-कहाँ पुग्छन् र साँझ रित्तो हात फर्कन्छन् । त्यसपछि डाक्टरले थमाइदिएको प्रेस्किप्सन बोकेर कहिले टिकटको पंक्तिमा उभिनुपर्छ, कहिले औषधि पसल चहार्नुपर्छ । उनकी श्रीमतीको स्वरनलीको जटिल शल्यक्रिया गर्नुछ । शल्यक्रिया गर्नुअघि उनको सम्पूर्ण शरीर बेहोस बनाइनेछ । त्यसपछि उनको घाँटीमा चिकित्सकले कैंची र छुरा चलाउनेछन् । तर, त्यो रोगी त्यसमाथि कमजोर ज्यानले यी सबै कुरा खेप्न सक्छन् ? चिकित्सकको प्रारम्भिक रिपोर्टले देखाएको छ, सक्दैन ।

उनको रोग हटाउन जटिल शल्यक्रिया गर्नैपर्छ । जबकि अझै पनि उनको शरीर त्यस्तो शल्यक्रियाको लागि तयार छैन । कुपोषित र कमजोर ज्यान कुनै पनि क्षण जोखिममा पर्न सक्छ । त्यसैले शरीरमा ताकत आएपछि र रगतको मात्रा पुगेपछि उनको शल्यक्रिया गर्नेभनी चिकित्सकले भनेका छन् । एकातिर बुढीको हाल यस्तो छ । अर्कोतिर घरमा बालबच्चा कसरी रात कटाइरहेका होलान् भन्ने कुराले पनि उनलाई कम्ता पिरोलेको छैन । केही समयअघि घरमा फोन गर्दा १० वर्षको छोरोले रुँदै भनेको थियो, 'आमालाई कहाँ लगेको ? छिट्टै ल्याइदेउ ।'

**उनीहरु देउता थिए**

वीरको सोही वार्डमा एकजना बिरामी भर्ना भएका थिए । उनीहरु को थिए, कहाँ गए ? सुरेश साहलाई स्पष्ट थाहा छैन । उनले नाम र फोन नम्बर त टिपेर राखेका थिए । तर, त्यो कागजको टुक्रो हरायो । उनीहरू डिस्चार्ज भएर घर जानुअघि सुरेश साहलाई बोलाए । २० हजार रुपैयाँ नगद दिए, उपचार गराउनु भन्दै । त्यसपछि उनलाई केही लुगाफाटो किनिदिए । उनकी रोगी श्रीमतीका लागि साडी किनिदिए । सुरेश साहले चिताएका थिएनन्, यो शहरमा यति मनकारी मान्छे पनि छन् । 'उनीहरु देउता थिए' सुरेश साहलाई यस्तै लाग्छ ।

*- साभार: अनलाईनखबर*

# एकसाथ तीन प्रोजेक्टमा अनुष्का



काठमाडौं - बलिउड अभिनेत्री अनुष्का शर्मा पुन: अभिनयको दुनियाँमा आउने तयारी गरिरहेकी छन् । उनी पछिल्लोपटक आनन्द एल रायको फिल्म 'जीरो'मा देखिएकी थिइन् । जुन फिल्म फ्लप साबित भएको थियो । यद्यपि अब उनी एकसाथ तीन प्रोजेक्टमा देखिँदैछिन् । जसमा दुई फिल्म हुनेछन् भने एक ओटीटी ।

उनी निकट स्रोतका अनुसार उनी ठूला बजेटका दुई फिल्म र ठूलै बजेटको ओटीटी प्रोजेक्टमा देखिँदैछिन् । यी प्रोजेक्टको घोषणा नयाँ वर्ष २०२२ को सुरुवाती समयमा गरिनेछ । उनका तीनवटा प्रोजेक्टको नाम हालसम्म गोप्य नै राखिएको छ ।

उनको फिल्म 'जीरो' फ्लप भए पनि उनी 'सुल्तान', 'पीके' र 'सञ्जु' जस्ता महंगा बजेटको फिल्मको हिस्सा बनिसकेकी छन् । उनी भारतीय क्रिकेटर झूलन गोस्वामीको बायोपिकमा पनि अभिनय गर्ने चर्चा चले पनि उनले यो कुरालाई अस्वीकार गरेकी छन् ।

# माओवादी केन्द्रको विधान पारित, केन्द्रीय समिति मिश्रित निर्वाचन प्रणालीबाट चुनिने




काठमाडौं (रासस)/ नेकपा (माओवादी केन्द्र)को आठौं राष्ट्रिय महाधिवशेनअन्तर्गतको जारी बन्दसत्रबाट विधान मस्यौदा पारित भएको छ । बन्दसत्रमा विधान मस्यौदा पेश गरेका स्थायी समिति सदस्य देव गुरुङले मस्यौदामाथि उठेका जिज्ञाको जवाफ दिएपछि विधान सर्वसम्मतिले पारित भएको हो ।

विधानलाई आगामी केन्द्रीय समितिले अन्तिम रुप दिने गरी विधान मस्यौदा पारित गर्न गुरुङले आग्रह गरेका थिए । विधानअनुसार अब पार्टीको केन्द्रीय समिति ५० प्रतिशत खुला र ५० प्रतिशत पूर्ण समानुपातिक गरी मिश्रित निर्वाचन प्रणालीका माध्यमबाट चुनिनेछ । केन्द्रीय समिति २९९ सदस्यीय हुनेछ । यसअघि केन्द्रीय कमिटीले १० प्रतिशत मनोनित गर्ने भनिएकामा बढाएर १५ प्रतिशत पुर्‍याइएको छ ।

महाधिवेशनले केन्द्रीय समिति, केन्द्रीय समितिले पोलिटब्युरो, स्थायी समिति र पदाधिकारी चयन गर्नेछ । पोलिटब्युरो, स्थायी समिति र पदाधिकारी समावेशी सिद्धान्तका आधारमा चयन हुनेछन् । ५० प्रतिशतको पूर्ण समानुपातिकमा दलित, मुस्लिम, थारु, मधेसी, आदिवासी जनजाति, खस आर्य, अपाङ्गता, पिछडिएको क्षेत्र, महिला र युवाको 'क्लस्टर' बनाइएको छ । केन्द्रीय समितिमा सबै क्लस्टर र खुलाबाट गरी ३५ प्रतिशत महिला तथा २० प्रतिशत ४० वर्षमुनिका युवाको प्रतिनिधित्व हुनेछ ।

माओवादीले बहुपदीय अवधारणा अगाडि सारेको छ । सोही अवधारणाका आधारमा नेतृत्व चयन गर्ने तयारी गरेको छ । हालसम्म अन्य नेताले अध्यक्षमा दाबी गरेको छैन, त्यसैले अध्यक्षमा प्रचण्ड नै दोहोरिनुहुने पक्कापक्की छ । वरिष्ठ नेतालाई उपाध्यक्षमा समेट्न लागिएको छ । यस्तै वरिष्ठ उपाध्यक्षमा नारायणकाजी श्रेष्ठको बलियो सम्भावना छ । महासचिवमा पनि विभिन्न नेताहरूले दाबी गरेका छन् । यस्तै दुई उपमहासचिव, सचिव र कोषाध्यक्षसमेतमा विभिन्न वर्ग, क्षेत्र मिलाएर निर्वाचन गर्ने तयारी गरिएको छ । विधान पारित भएसँगै निर्वाचनको काम अगाडि बढाउने निर्वाचन आयोगको तयारी छ । आयोगका प्रमुख विष्णुपुकार श्रेष्ठले विधान पारित भएपछि निर्वाचनको प्रक्रिया शुरु हुने जानकारी दिए ।

विधान पारित भएसँगै केही समयका लागि बन्दसत्र स्थगित भएको छ । अहिले पार्टीको स्थायी समिति बैठक महाधिवेशन स्थल प्रज्ञा भवनमा चलिरहेको छ । माओवादीको महाधिवशेन यही पुस ११ गतेदेखि राजधानीमा सुरु भएको हो ।

शुक्रबारको बन्दसत्रले पार्टी अध्यक्ष प्रचण्डले पेश गरेको '२१ औं शताब्दीको समाजवादको नेपाली बाटो' शीर्षकको राजनीतिक वैचारिक दस्तावेज सर्वसम्मतिले पारित गरेको थियो । दस्तावेजमाथि छलफल गर्न विभिन्न २५ समूह बनाइएको थियो । राजनीतिक प्रतिवेदनमाथि मंगलबार र बुधबार समूहगत छलफल भएको थियो । शुक्रबारको बन्दसत्रमा निर्वाचन आयोगका प्रमुख श्रेष्ठ, केन्द्रीय अनुशासन आयोगका प्रमुख टंक राई र केन्द्रीय लेखा आयोगका प्रमुख पेशल खतिवडाले आयोगका प्रतिवेदन प्रस्तुत गरेका थिए । अध्यक्ष प्रचण्डको प्रतिवेदनमाथि नेता राम कार्की र लेखनाथ न्यौपानेले फरक मत राखेका थिए । दस्तावेजमाथिको छलफलमा उठेका जिज्ञासाको जवाफ दिँदै अध्यक्ष प्रचण्डले फरक मतमा उठेका विषयलाई उचित ढंगबाट सम्बोधन गरिने बताएका थिए ।

दस्तावेजले पार्टीको क्रान्तिकारी विचार निर्माण प्रक्रिया सुरु गरेको, पार्टीलाई क्रान्तिकारी दिशामा लगेको र विचार संश्लेषणका लागि महान बहसको थालनी गरेको निष्कर्ष सुनाउँदै अध्यक्ष प्रचण्डले तीनै तहका आगामी निर्वाचनपछि पार्टीको विशेष महाधिवेशन आयोजना गरेर विचारको संश्लेषण गर्ने प्रस्ताव गरेका थिए । महाधिवशेनमा एक हजार सात सय बढी प्रतिनिधि सहभागी भएका छन् । महाधिवेशनले आजै केन्द्रीय समितिको टुंगो लगाउनेछ ।

यसअघि माओवादीको सातौं महाधिवशेन २०६९ फागुनमा हेटौंडामा भएको थियो । सो महाधिवशेनले जनवादी क्रान्ति सम्पन्न भएको निष्कर्षसहित बाँकी कार्यभार पूरा गर्दै समाजवादी क्रान्तिको तयारी गर्ने निर्णय गरेको थियो ।

# महिला अधिकारको सुनिश्चितता भएको छ : प्रधानमन्त्री



काठमाडौं (रासस)/ प्रधानमन्त्री शेरबहादुर देउवाले राज्यका रहेक निकाय, तह, तप्का र संरचनामा महिला अधिकारको सुनिश्चितता भएको बताएका छन् ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. डिला संग्रौलाद्वारा लिखित 'नेपालीका सपना अधुरै' नामक पुस्तकको शनिबार विमोचन गर्दै उनले महिलालाई आरक्षण अधिकार दिनेमा नेपाल विशेष मुलुक भएको बताए । उनले राष्ट्राध्यक्षका रुपमा राष्ट्रपति, सभामुख, उपसभामुख तथा गाउँपालिकादेखि नगरपालिकासम्म प्रमुख र उपप्रमुख पदमा महिलाले नेतृत्व गरिरहेको उल्लेख गरे ।

"नेपाल मात्रै यस्तो देश हो, जुन देशमा महिलालाई हरेक क्षेत्रमा ३३ प्रतिशत अधिकार दिइएको छ, राज्यका हरेक निकायमा महिलालाई आरक्षणको व्यवस्था छ, आफ्नो पार्टी (नेपाली कांग्रेस) ले पनि ३३ प्रतिशत महिलाहरुलाई आरक्षण दिएको छ, त्यतिमात्रै होइन स्थानीय तहहरुमा पनि महिला सहभागिता सुनिश्चित गरिएको छ, राष्ट्रपति, सभामुख, उपसभामुख पदमा पनि महिलाले नेतृत्व गरिसकेका छन्, त्यसैले धेरै ठाउँमा हामीले महिलालाई आरक्षण दिएका छौं", प्रधानमन्त्री देउवाले भने ।

नेपाली कांग्रेसका सभापति समेत रहेका प्रधानमन्त्री देउवाले महिला अधिकार र सहभागिताका सवालमा सरकार तथा राजनीतिक दलहरु पनि गम्भीर रहेको बताए । नेपाल समानुपातिक प्रतिनिधित्व गर्ने मुलुक रहेको उदाहरण दिदैं उनले दलित, आदिवासी, जनजाती पिछडिएका क्षेत्रलाई आरक्षण दिएर समावेशी समानुपातिक प्रतिनिधित्व गराएको भन्दै भोलिका दिनमा पनि पार्टी संरचनादेखि राज्यका हरेक निकायमा महिला सहभागिता बढाउने गरेर काम गर्ने बचन दिए ।

प्रधानमन्त्री देउवाले नेतृ संग्रौला अत्यन्त मेहेनती र महिलाको हक अधिकारका लागि लडिरहेको व्यक्तित्व भएको उल्लेख गर्दै मुलुकको समसामयिक परिवेष्टलाई समेटेर पुस्तक प्रकाशन गरेकामा लेखिका संग्रौलालाई बधाई दिए ।

कार्यक्रममा सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा डा अमरराज जोशीले नेपालीका सपना अधुरै नामक पुस्तकले परिवर्तित र चेतनशील समाजको परिवेष्टलाई यथार्थ रुपमा चित्रण गरेको बताए ।

हिजोको राजनीतिक घटनाक्रम र बेथितिको दस्तावेजीकरण रहेको पुस्तकले सामाजिक सुरक्षा, विकास, सुशासन र प्रजातान्त्रिक अभ्यासलाई कसरी सबलीकरण गर्नेजस्ता विषयलाई मिहीन ढङ्गले प्रस्तुत गरेको उनले बताए ।

पुस्तकको समीक्षा गर्दै त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक डा लोकनाथ दुलालले पुस्तकले तत्कालीन राजनीतिक संक्रमणको घटनाक्रम र गलत क्रियाकलापलाई दस्तावेजीकरण गरेको बताए ।

पुस्तकका लेखिका नेतृ संग्रौलाले हिजोको विभिन्न परिवेष्टलाई चित्रण गरी विभिन्न समयका पत्रपत्रिका एवम् अनलाइनमा प्रकाशित लेख रचनालाई संकलन गरी पुस्तक प्रकाशन गरिएको जानकारी दिए ।

पुस्तकमा विभिन्न समयमा पत्रपत्रिकामा लेखिएका १४८ लेख समावेश गरिएका छन् । विभिन्न ६ खण्डमा विभाजित ५१५ पृष्ठको पुस्तकको मूल्य २५० रहेको छ ।

# वातावरणीय अध्ययन कार्यविधि स्वीकृत

काठमाडौं (रासस)/ काठमाडौं महानगरपालिकाले संक्षिप्त वातावरण अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययन कार्यविधि २०७८ संशोधनसहित स्वीकृत गरेको छ ।

त्यसैगरी 'बालअधिकार संरक्षण तथा सम्वर्द्धनसम्बन्धी कार्यविधि २०७८' तर्जुमा गर्न सैद्धान्तिक सहमति पनि दिइएको छ । कामपाका प्रमुख विद्यासुन्दर शाक्यको अध्यक्षतामा बसेको ७२औं कार्यपालिका बैठकमा उक्त कार्यविधि स्वीकृत भएको हो । शुक्रबार बसेको कार्यपालिका बैठकमा १०औं नगरसभा यही पुस २८ गते गर्ने निर्णय पनि भएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १९ को उपदफा ४ मा गाउँ र नगरसभासम्बन्धी व्यवस्था छ । यो ऐनसँगै बागमती प्रदेशको कानुन र महानगरपालिकाको नगरसभा सञ्चालनसम्बन्धी कार्यविधि २०७४ का आधारमा अधिवेशनको मिति तय गरिएको हो ।

बैठकमा कार्यपालिका सदस्यले सम्पदा भवन संरक्षण एवं निर्माण मापदण्ड तथा सहुलियत कार्यविधि २०७८' लाई प्रभावकारीरुपमा कार्यान्वयनमा ल्याउनुपर्ने, खानेपानी र विद्युत् जस्ता भौतिक विकासमा काम गर्ने साझेदारसँग निर्माण कार्यमा समन्वय गर्नुपर्ने, कोभिड भ्याक्सिन खोपको विद्युतीय प्रमाणीकरणको चाप व्यवस्थापन गर्नुपर्ने, वडास्तरमा मतदाता नामावली संकलन व्यवस्था गर्नुपर्नेलगायत विषय उठाएका थिए ।

# वादी बालबालिका पढाइबाट वञ्चित

कर्णाली (रासस)/ सुर्खेतको एक छात्रवासमा बस्दै आएका वादी समुदायका बालबालिका पढाइबाट वञ्चित भएका छन् । वादी सरोकार मञ्चले सञ्चालन गरेको छात्रवासमा बसिरहेका १२० मध्ये ७६ जना बालबालिका विद्यालय भर्ना हुन सकेका छैनन् । तीमध्ये ४१ छात्रा र ३५ छात्र छन् ।

छात्रवासका सञ्चालक हिक्मत वादीले खर्च अभावका कारण विद्यालय पठाउन नसकिएको बताए । "सरकारले सर्वसुलभ र नि:शुल्क शिक्षा भने पनि यहाँ सरकारी विद्यालयमै पढ्न पाइँदैन", उनले भने, "विभिन्न जिल्लाबाट बालबालिकालाई पढाउन भनेर यहाँ (सुर्खेत) ल्याइयो, विद्यालय पठाउन सकिएको छैन ।" वैशाखदेखि यता ती बालबालिका विद्यालय जान पाएका छैनन् । कर्णाली प्रदेशका विभिन्न जिल्लाबाट अभिभावकको संरक्षकत्व नपाएका बालबालिकालाई छात्रवासमा राखिएको छ । छात्रवासमा सबैभन्दा बढी दैलेखका छन् ।

दैलेख तल्लोडुङ्गेश्वरका हिक्मतले अभिभावकले पालनपोषणमा हेलचेक्र्याइँ गर्दा बालबालिकाको भविष्यमा जोखिममा पर्दै गएकाले आफूले अभिभावककै सहमतिमा सुर्खेतमा ल्याएको बताए । उनले भने, "बालबालिका गाउँमा विद्यालय नजाने, सडकमा भौंतारिएर माग्दै हिँड्ने, कुलतमा फस्नुका साथै बालविवाह र बहुविवाहको समस्या बढ्दै गयो, त्यसबाट बचाउन छात्रवास सञ्चालन गरेको हुँ ।" छात्रवासमा रहेकामध्ये ४४ बालबालिका मात्र नियमित विद्यालय जान पाएका छन् । उनीहरूलाई काठमाडौंको 'लभ एण्ड होप नेपाल' नामक संस्थाले सहयोग गरेको छ । त्यस्तै, छ जनालाई प्रदेश अस्पतालमा कार्यरत बालरोग विशेषज्ञ डा नवराज केसीले सहयोग गरिरहेका छन् ।

कर्णालीका अधिकांश वादी समुदायको आफ्नै जग्गा जमिन छैन । दैनिक ज्यालादारी काम खोज्दै सडक आसपासमा अस्थायी टहरा बनाएर बस्दै आएका छन् । अभिभावक दैनिक बिहानदेखि साँझसम्म ज्यालादारीको काम गर्ने हुँदा उनीहरूका बालबालिकाले पर्याप्त स्याहारसुसारबाट वञ्चित छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ
प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पोल्ट्रि दिवसमा अन्तर्क्रिया



साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुर कुखुरा व्यवसायी संघले शनिबार नवौं पोल्ट्रि दिवसको अवसरमा अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको छ ।

'एक दिन होइन हरेक दिन, अण्डा र मासु भान्छाको शान, सर्वोत्तम प्रोटिन, स्वास्थ्य जीवन' भन्ने मूल नाराका साथ संघले अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको हो ।

२०१७ साल पुस १७ गते पर्सा जिल्लाको परवानीपुरमा तत्कालीन राजा महेन्द्र शाहले ह्याचरी उद्योग खोलेको सम्झनामा हरेक बर्ष पुस १७ गतेका दिन कुखुरा व्यवसायीले पोल्ट्रि दिवस मनाउँदै आएको छ ।

कार्यक्रममा व्यवसायीहरुले पछिल्ला समयहरुमा पोल्ट्रि व्यवसायमा भोग्नु परेको समस्याबारे अवगत गराएका थिए । संघका अध्यक्ष गोकुलनाथ पौडेलको सभाध्यक्षतामा भएको कार्यक्रममा पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयका निर्देशक डा. रामप्रकाश प्रधानको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष राजु अधिकारी, संघकी उपाध्यक्ष प्रतिमा श्रेष्ठलगायतको विशेष आतिथ्यता रहेको थियो ।

# रानी वनको २५ औं साधारणसभा सकियो



साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-६ चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहको २५ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपानेको अध्यक्षता तथा हेटौंडा वडा नम्बर ६ का वडाध्यक्ष अर्जुनप्रसाद चौलागाईको प्रमुख आतिथ्यतामा साधारणसभा सम्पन्न भएको हो ।

साधारणसभामा समूहका अध्यक्ष विष्णु प्रसाद न्यौपानेले संस्थागत प्रतिवेदन, सचिव नानीमाया रुम्वाले समुहको प्रगति प्रतिवेदन, कोषाध्यक्ष गोमा लामिछाने चालु आर्थिक वर्ष २०७८/०७९ का लागि करिव ६१ लाख ४३ हजारको अनुमानित आयव्यय विवरण, लेखा समितिका संयोजक श्यामकुमार श्रेष्ठले लेखा समितिको प्रतिवेदन र कार्यालय सचिव भीमसेन पौडेलले लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा डिभिजन वन कार्यालय मकवानपुरका सहायक डिभिजन वन अधिकृत वसन्तराज गौतम, सव-डिभिजन कार्यालय हेटौंडाकी सहायक वन अधिकृत गायत्री शर्मा, फरेष्टर यदुनाथ घिमिरे, फेकोफन बागमती प्रदेश सदस्य खडानन्द चौलागाई, जिल्ला दुग्ध उत्पादक सहकारी अध्यक्ष वासुदेव अधिकारी, फेकोफन मकवानपुर अध्यक्ष साधुराम चौलागाईलगायत विभिन्न वन समूहका अध्यक्ष तथा सदस्यहरुले मनतव्य व्यक्त गरेका थिए । कार्यक्रममा पत्रकारसहित २१ जनालाई सम्मान गरिएको थियो ।

# सगरमाथाले सम्पन्न गऱ्यो २० औं साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-४, पारिजातपथमा संचालित सगरमाथा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो २० औं वार्षिक साधारणसभा शनिबार सम्पन्न गरेको छ ।

सहकारीका अध्यक्ष आयुषकुमार डोटेलको अध्यक्षतामा भएको साधारणसभामा बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यता रहेको थियो ।

साधारणसभामा सहकारीको वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७७/७८ मा शेयर पूँजी ९३ लाख ६८ हजार रुपैयाँ रहेको छ । सहकारीले ७ करोड ८७ लाख रुपैयाँ बचत गरेको छ भने, ५ करोड ५४ लाख रुपैयाँ ऋण लगानी गरेको प्रतिवेदनमा उल्लेख छ ।

वार्षिक साधारणसभाको अवसरमा सहकारीले संस्थापक अध्यक्ष वीरेन्द्र भट्ट, असल बचतकर्ता रमेश मानन्धर र असल ऋणी सरस्वती सापकोटालाई सम्मान गरेको जनाएको छ । साधारणसभालाई सम्बोधन गर्दै बोर्डका कार्यकारी उपाध्यक्ष देवकोटाले सहकारीलाई नियम, कानुन अनुसार सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

सहकारीले समुदायमा आधारित भएर लघुउद्यम सञ्चालन गर्नुपर्नेमा ध्यान दिन आग्रह गर्दै देवकोटाले सदस्यहरुले नै सहकारीको उचित नियमन गर्नुपर्ने बताए ।

# हेटौंडाको कर्जा लगानी ४६ करोड ३४ लाख



साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-७, नागस्वतीस्थित हेटौंडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले ४६ करोड ३४ लाख कर्जा लगानी गरेको छ ।

शनिबार सम्पन्न सहकारीको २२ औं साधारणसभामा प्रस्तुत प्रतिवेदनअनुसार गत आवमा सहकारी ४६ करोड ३४ लाख कर्जा लगानी गरेको हो । यसैगरी बचत ४४ करोड ७५ लाख रुपैयाँ रहेको छ । आर्थिक वर्ष २०७७/७८ को अन्तिम हिसावमा सहकारीको बचत ४४ करोड ७५ लाख रुपैयाँ उल्लेख छ ।

सहकारीको शेयर सदस्य ५ हजार ६ सय ७ जना हुँदा शेयर पुँजी ३ करोड ८७ लाख रुपैयाँ पुगेको छ । सहकारीका अध्यक्ष इन्द्रबहादुर बस्नेतको अध्यक्षता तथा बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यमा भएको साधारणसभामा असल बचतकर्ता, असल ऋणीलाई सम्मान गरिएको थियो ।

सहकारीले उत्कृष्ट कर्मचारीको रुपमा प्रशासन तथा ऋण शाखाकी प्रमुख रिता पौडेललाई सम्मान गरेको छ । साधारणसभाले नयाँ सञ्चालक समितिसमेत चयन गर्नेछ ।

साधारणसभाको उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका सदस्य देवराज रिमाल, हेटौंडा-७ का वडा अध्यक्ष राजन थापा, मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडकी अध्यक्ष कल्पना श्रेष्ठको पनि आतिथ्यता रहेको थियो ।

# संवेदनशील टोलले गऱ्यो साधारणसभा

हेटौंडा/हेटौंडा उपमहानगरपालिका वडा नम्बर-९ मा रहेको संवेदनशील टोल विकास सस्थांको दशौं वार्षिक साधारण सभा शनिबार सम्पन्न भएको छ ।

टोल विकास संस्थाका अध्यक्ष नबराज कोइरालाको सभाध्यक्षमा भएको साधारण सभा हेटौडा-९ का वडाध्यक्ष लक्ष्मण प्रसाद भण्डारीको प्रमुख आतित्थ्यता रहेको थियो । साधारणसभामा संस्थाका अध्यक्ष नवराज कोइरालाले प्रगति प्रतिवेदन र कोषाध्यक्ष किशोर अर्यालले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा टोल विकास संस्था नगर समन्वयका सदस्य रमचन्द्र दाहाल, टोल विकास संस्था ९ नम्बर वडा समन्वयका अध्यक्ष यदुवंश खतिवडा,प्रगति माविका व्यवस्थापन समितिका अध्यक्ष प्रदिप पराजुलीलगायतको उपस्थिति रहेको थियो ।

# हेटौंडा ९ मा नेकपा एसको कार्यालय

हेटौंडा/नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले हेटौंडा उपमहानगरपालिका वडा नम्बर ९ मा वडा पार्टी कार्यालय स्थापना गरेको छ ।

नेकपा एकीकृत समाजवादी वडा अध्यक्ष सुर्यबहादुर स्याङ्तान को अध्यक्षता एवं पार्टी पोलिटब्युरो सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज ललित बस्नेतको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

# पाञ्चायनको शेयर पूँजी एक करोड ५८ लाख

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-४ कान्तिराजपथमा संचालित पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि.ले गत आर्थिक वर्ष २०७७ साउन देखि २०७८ असारसम्म एक करोड ५८ लाख ५८ हजार ६ सय रुपैयाँ शेयर पूँजी लगानी गरेको छ ।

शनिबार सम्पन्न सहकारीको बाह्रौं साधारणसभामा प्रस्तुत गरिएको बार्षिक प्रतिवेदनअनुसार ७ सय २० जना शेयर सदस्यबाट संकलित शेयर पूँजी एक करोड ५८ लाख ५८ हजार ६ सय रहेको उल्लेख छ ।

अघिल्लो आवमा १ करोड ३२ लाख ३१ हजारबाट २६ लाख २७ हजार ६ सय बृद्धि गरेर एक करोड ५८ लाख ५८ हजार ६ सय पुऱ्याएको अध्यक्ष प्रेमलाल श्रेष्ठले बताए ।

सहकारीले कोरोना महामारीका कारण पुस १४ देखि १७ गतेसम्म विभिन्न चरणमा शेयर सदस्यलाई भेला गराएको थियो । सहकारीले न्यूनतम शेयर रकम एक हजारबाट ५ हजार पुऱ्याइसकेको र अब १० हजार पुऱ्याउने तयारीमा रहेको सहकारीका अध्यक्ष श्रेष्ठले जानकारी दिए । सहकारीले शेयर सदस्य ७ सय २० बाट आगामी आवमा एक हजार ५० पुऱ्याउने लक्ष्य लिएको छ ।





**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
*Phone: 057-520315*

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Receiptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



**हार्दिक श्रद्धाञ्जली**



जन्म: २०१५/०९/१४

स्वर्गारोहण: २०७८/०९/०६

मेरो प्यारी धर्मपत्नी/बुहारी तथा हाम्री ममतामयी माता **विजयादेवी पौडेल**को असमायिक र अकल्पनीय स्वर्गारोहणले हामी अत्यन्तै मर्माहत भएका छौं । शोकसन्तप्त परिवारलाई धैर्यधारण गर्न सक्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं । साथै सागरमा पाल्नुहुने सम्पूर्ण महानुभावहरुलाई १३ औं दिनको पुण्यतिथिमा पितृप्रसाद ग्रहणमा अनिवार्य उपस्थिति भईदिनु हुन हार्दिक निमन्त्रणासमेत गर्दछौं ।

श्रीमान: चिरञ्जीवीप्रसाद पौडेल | सासु: लोककुमारी पौडेल

देवर/देउरानी: गोविन्द पौडेल, नर्वदा पौडेल

नन्द/ज्वाई: रमा पौडेल कोईराला, रवि कोईराला

नन्द/ज्वाई: उर्मिला ढकाल, रामप्रसाद ढकाल

छोरा/बुहारी: आशिष पौडेल, वविता भट्ट पौडेल

छोराहरु: आभाष, निशान्त पौडेल

छोरी/ज्वाई: मनिसा पौडेल कुईकेल, रौनक कुईकेल

छोरी/ज्वाई: निशा पौडेल तिमल्सिना, प्रज्वल तिमल्सिना

छोरी/ज्वाई: आस्था पौडेल पोण्डे, प्रशान्त पाण्डे

नाती: पाथ पौडेल

**समस्त पौडेल परिवार**

हेटौंडा-९, लामसुरे



HONDA BONUS X CHANGE OFFER

Times Auto Hub मा
अब Exchange मा पाउनुहोस्




रु.७,००० बोनस
साथै Test-Ride गर्ने मौका !

मिती : पौष १७ देखी ?३ गते
ठाउँ : हेटौंडा, होण्डा शोरुम
फोन नं : ९८५५०६७८४० /०५७-५४०६१०

**Times AutoHub, Hetauda**






**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



"तपाईं, हामी सबैको कुरा "

**www.sajhakuranews.com**

साझाकुरा

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना